" सुशासन र पारदर्शिता सुखी नौमूलेबासी हाम्रो प्रतिब्द्धता"

# नौमूले गाउँपालिका,दैलेख

## कर्णाली, प्रदेश नेपाल

गाउँसभाको

१८ औ अधिवेशन

## आर्थिक ऐन स्वीकृत

आ.व. २०८३/०८४

## नौमूले गाउँपालिका, दैलेख

१० अषाढ २०८३

# नौमूले गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वन गर्न बनेको ऐन, २०८३

गाउँसभाबाट पारित मिति: २०८३/०३/१०

प्रस्तावना:

नौमूले गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको सविधानको धारा २२८ को (२) बमोजिम नौमूले गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम " आर्थिक ऐन २०८३" रहेको छ।(२) यो ऐन २०८३ साल साउन १ गतेदेखि नौमूले गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

**२. सम्पति कर:** गाउँपालिकाका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा बनेको भौतिक संरचना (घर) मा अनुसूची (१) बमोजिम सम्पति कर लगाइने र असुलउपर गरिनेछ।

**३. भूमि (मालपोत) कर:** गाउँपालिका क्षेत्रभित्रका जग्गामा अनुसूची (२) बमोजिम भूमि / (मालपोत) कर लगाइने र असुल उपर गरिनेछ।

**४. घरजग्गा बहाल कर:** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ।

**५. व्यवसाय कर:** गाउँपालिका क्षेत्र भित्रका व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिनेछ।गाउँपालिका क्षेत्र भित्र स्थापना भई सञ्चालनमा रहेका सम्पूर्ण व्यवसाय दर्ता भएर मात्र व्यवसाय सञ्चालन हुनेछ र कार्यालयले दर्ता प्रमाण पत्र दिनेछ।व्यवसाय दर्ता प्रमाणपत्र बापत रु.१०० लाग्नेछ।र व्यवसाय प्रमाण पत्र प्रतिलिपि बापत रु ५०० लाग्नेछ। सम्पूर्ण व्यवसायले एकमुष्ट वार्षिक तोकिए बमोजिम व्यवसाय कर बुझाई नविकरण गर्नु पर्नेछ।वार्षिक कर नबुझाएको देखिएमा २० प्रतिशत जरिवाना जाग्नेछ।महिला,दलित,अपाङ्ग र शहिद परिवारको सदस्यको नाममा रहेको व्यवसायमा १० प्रतिशत कर छुट गरिनेछ।असोज मसान्त सम्म व्यवसाय नविकरण गरेमा ५ प्रतिशत छुट दिईनेछ।

**६. जडिबुटी र कवाडी कर:** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले खोटो, उन,धुपी,टिमुर,पाखानवेद,काउलो,चुत्रो,अल्लो,गुच्ची च्याउ,वन लसुन,सतुवा,अलैंची, वनप्याज, जडिबुटी र कवाडी मालको व्यवसायिक कारोबार गरे बापत अनुसूची (५) बमोजिम जडिबुटी र कवाडी कर लगाइने र असुल उपर गरिनेछ।

**७. साना सवारी साधन कर:** गाउँपालिका क्षेत्र भित्रका रिक्सा, अटोरिक्सा, विधुतिय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नविकरणमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाउने र उठाइनेछ। तर प्रदेश कानूनमा यस सम्बन्धि अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**८. विज्ञापन कर:** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापन प्रचाप्रसार आदिका लागि राख्न दिने डिजिटल बार्ड स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

**९.मनोरन्जन:** गाउँपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोहि कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लागाई असुल उपर गरिनेछ।

**१०. बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा, पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थलमा हाटबजार, मेला जात्रा आदिमा अनुसूची (८) बमोजिम बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ।

**११. सवारी पार्किङ शुल्क:** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम सवारी पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१२. बिक्रि गर्न सक्ने:** (ढुंगा, गिट्टी, बालुवा, तथा माटो) गाउँपालिका क्षेत्र भित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट ढुंगा, गिट्टी, बालुवा तथा माटो जस्ता निर्माणमुखी वस्तुहरु अनुसूची (१०) मा उल्लेख भए बमोजिमको दरमा विक्री गर्न सक्नेछ। तर प्रदेश कानूनमा यस सम्बन्धी अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१३. सेवा शुल्क र दस्तुर:** गाउँपालिकाले कार्यालयको कार्यालय तथा वडा कार्यालयमार्फत उपलब्ध गराउने सिफारिस, प्रमाणित ,इजाजत जस्ता प्रशासनिक सेवा लगायतका अन्य विविध सेवा सुविधामा अनुसूची (११) मा उल्लेखित दरमा शुल्क तथा दस्तुर लगाइने र असुलउपर गरिनेछ।

**१४. भाडामा लगाउन सक्ने:** गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा अनुसूची (१२) मा उल्लेखित दरमा भाडामा लगाउन सक्नेछ।

**१५.फोहोरमैला व्यवस्थापन शुल्क:**गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको फोहोरमैला व्यवस्थापन गरे बापत फोहोरमैला व्यवस्थापन शुल्क अनुसूची (१३) बमोजिम उल्लिखित दरमा लागाईनेछ र असुल उपर गरिनेछ।

**१६. दण्ड जरिवाना:** तोकिएको समय भित्र कर तथा शुल्क नबुझाउने तथा गाउँपालिका क्षेत्र भित्र प्रचलित कानूनले निषेध गरिएका कार्य गर्ने उपर (१४) बमोजिम जरिवाना लगाई असुल उपर गरिनेछ।

१७. **कर तथा शुल्कमा छुट**: गाउँपालिकाले कर शुल्कमा करदातालाई दिने छुट सहुलियत अनुसूची (१५) मा तोकिए बमोजिम हुनेछ।

१८. **नियमावली तथा कार्यविधि बनाउन सक्ने**: गाउँपालिका कार्यपालिकाले यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी नियमावली तथा कार्यविधिहरु बनाई लागू गर्न सक्नेछ।

१९. **यसै ऐन बमोजिम भएको मानिने**: यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

२०. **बाधा अड्काउ फुकाउ**: यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा गाउँ कार्यापालिकाले बाधा अड्काउ फुकाउने छ।

## अनुसूची-१
### (दफा २ सँग सम्बन्धि)
### सम्पत्ति करको दर

| सि.नं. | अनुसूची १ | इकाइ | करको दर |
|---|---|---|---|
| १. | नौमूले बजार क्षेत्र (टीन वा पत्थरको छाना) | प्रति घर | २००/- |
| २. | नौमूले बजार क्षेत्र (आर.सि.सि.ढलानको छाना) | प्रति तला | ३००/- |
| ३. | अन्य बाँकी क्षेत्र (टिन वा पत्थरको छाना) | प्रति घर | १००/- |
| ४. | अन्य बाँकी क्षेत्र (आर सि.सि ढलानको छाना) | प्रति तला | १००/- |

## अनुसूची-२
### (दफा ३ उपदफा (१) संग सम्बन्धित)

क. मालपोत दर

| सि.नं. | क्षेत्र | करको दर (रु) प्रति वर्ग मिटर |
|---|---|---|
| १. | नौमूले बजार क्षेत्र सडकका दायाँबायाँ रहेका जग्गा | रु.०.३०/- |
| २. | नौमूले बजार क्षेत्र सडक बाहिर रहेका जग्गा | रु.०.२५/- |
| ३. | वडामुकाम सडकका दायाँबायाँ रहेका जग्गा | रु.०.१५/- |
| ४. | वडामुकाम सडक बाहिर रहेका जग्गा | रु.०.१०/- |
| ५. | वडा मुकाम बाहिर रहेका जग्गा | रु.०.०५/- |

छविराम सुवेदी
गाउँपालिका अध्यक्ष

**ख.जग्गा मूल्याङ्कन दर**

-जिल्ला मालपोत कार्यालयको निर्णय बमोजिम जग्गाको न्यूनतम मूल्याङ्कन निधार्ण हुनेछ।

### अनुसूची-३
### (दफा ४ सँग सम्बन्धित)
### (घर जग्गा बहाल करको दर)

| विवरण | वार्षिक करको दर |
|---|---|
| घर जग्गा बहाल कर | १० प्रतिशत |

### अनुसूची ४
### (दफा ५ सँग सम्बन्धित)
### व्यवसाय करको दर

| क्र.स | शिषर्क | करको दररेट | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ५ लाख भन्दा कम पुँजी | | १० लाख सम्म पुँजी | | |
| | | दर्ता | नविकरण | दर्ता | नविकरण | |
| १.व्यावसायिक बस्तु | | | | | | |
| १.१ | दैनिक उपभोग्य सामाग्री विक्रि पसल | ५००/- | २५० | १००० | ५०० | |
| १.२ | फेन्सी पसल | ५००/- | २५० | १००० | ५०० | |
| १.३ | किराना पसल | ५०० | २५० | १००० | ५०० | |
| १.४ | फलफुल तथा तरकारी पसल | ५०० | २५० | १००० | ५०० | |
| १.५ | जुत्ता,चप्पल पसल | ५०० | २५० | १००० | ५०० | |
| १.६ | स्टेशनरी तथा पुस्तक पसल | ५०० | २५० | १००० | ५०० | |
| १.७ | भाँडाकुडा विक्रेता | ५०० | २५० | १००० | ५०० | |
| १.८ | मोबाइल पसल | ५०० | २५० | १००० | ५०० | |
| १.९ | घुम्ति पसल | ५०० | २५० | १००० | ५०० | |
| १.१० | ब्यूटि पार्लर तथा कष्मेटिक पसल | ५०० | २५० | १००० | ५०० | |
| १.११ | मिँास विक्रेता | ५०० | २५० | १००० | | |
| १.१२ | फोटो स्टुडियो | ५०० | २५० | १००० | १००० | |

छविराम सुवेदी
गाउँपालिका अध्यक्ष

| क्र.स | शिषर्क | करको दररेट | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ५ लाख भन्दा कम पुँजी | | १० लाख सम्म पुँजी | | |
| | | दर्ता | नविकरण | दर्ता | नविकरण | |
| १.१३ | हियर कटिङ | ५०० | २५० | १००० | १००० | |
| १.१४ | सुनचाँदी पसल | ५०० | २५० | १००० | १००० | |
| १.१५ | हार्डवेयर पसल | ५०० | २५० | १००० | १००० | |
| १.१६ | एग्रोभेट | ५०० | २५० | १००० | १००० | |
| १.१७ | कम्प्यूटर पसल | ५०० | २५० | १००० | १००० | |
| १.१८ | कस्मेटिक पसल | ५०० | २५० | १००० | १००० | |
| १.१९ | छाला जुत्ता पसल | ५०० | २५० | १००० | १००० | |
| १.२० | पेय पदार्थ (कोकाकोला आदि) | ५०० | २५० | १००० | १००० | |
| १.२१ | प्रिन्टिङ प्रेश अपशेट | ५०० | २५० | १००० | १००० | |
| १.२२ | फलाम,स्टिल,कर्कट पाता | ५०० | २५० | १००० | १००० | |
| १.२३ | कवाडि सङ्कलन पसल | ५०० | २५० | १००० | १००० | |
| १.२४ | स्टिल दराज,तथा फर्निचर विक्रेता | ५०० | २५० | १००० | १००० | |
| १.२५ | सिलाई टेलर्स पसल | ५०० | २५० | १००० | १००० | |
| **२.विशेषज्ञ/परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | | | | |
| २.१ | सामान्य चिकित्सक | | | ५००/- | १०००/- | |
| २.२ | दन्त चिकित्सक | | | ५००/- | १०००/- | |
| २.३ | पशु चिकित्सक | | | ५००/- | १०००/- | |
| २.४ | इन्जिनियर | | | ५००/- | १०००/- | |
| २.५ | कानुन व्यवसायी | | | ५००/- | १०००/- | |
| २.६ | विमा एजेन्ट | | | ५००/- | १०००/- | |
| २.७ | लेखा परिक्षक क वर्ग | | | ४०००/- | २०००/- | |
| २.८ | लेखा परिक्षक ख वर्ग | | | ३०००/- | १५००/- | |
| २.९ | लेखा परिक्षक ग वर्ग | | | २०००/- | १०००/- | |
| २.१० | लेखा परिक्षक घ वर्ग | | | १५००/- | ७५०/- | |
| २.११ | परामर्शदाता (कन्सल्टेन्सी) | | | १५००/- | १०००/- | |
| **३.निर्माण व्यवसाय (कार्यविधि बमोजिम)** | | | | | | |
| ३.१ | (घ) वर्गको आवेदन शुल्क | | | | १००/- | |
| ३.२ | (घ) वर्गको इजाजत शुल्क | | | | १०,०००/- | |
| ३.३ | (घ) वर्गको इजाजत पत्र नविकरण | | | | १०००/- | |

| क्र.स | शिर्षक | करको दरेट | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ५ लाख भन्दा कम पुँजी | | १० लाख सम्म पुँजी | | |
| | | दर्ता | नविकरण | दर्ता | नविकरण | |
| ३.४ | (घ) वर्गको इजाजत पत्र प्रतिलिपि | | | | ५००/- | |
| ३.५ | (घ) वर्गको इजाजत पत्र थप | | | | २०००/- | |
| ३.६ | मौजुदा सूचीमा दर्ता गराउने सम्बन्धी शुल्क तथा दस्तुर | | | | ५००/- | |
| ४.स्वास्थ्य सेवा | | | | | | |
| ४.१ | औषधी पसल | १०००/- | ५००/- | २०००/- | १०००/- | |
| ४.२ | ल्याव तथा क्लिनिक | १०००/- | ५००/- | २०००/- | १०००/- | |
| ४.३ | आयुर्वेद क्लिनिक | १०००/- | ५००/- | २०००/- | १०००/- | |
| ४.४ | डेनटल क्लिनिक | १०००/- | ५००/- | २०००/- | १०००/- | |
| ४.५ | थेरापी सेन्टर | १०००/- | ५००/- | २०००/- | १०००/- | |
| ४.६ | पशु स्वास्थ्य औषधि पसल | १०००/- | ५००/- | २०००/- | १०००/- | |
| ५.शिक्षा सेवा | | | | | | |
| ५.१ | निजि क्षेत्रका प्रा.वि | | | १०००/- | ५००/- | |
| ५.२ | निजि क्षेत्रका आ.वि | | | २०००/- | १०००- | |
| ५.३ | निजि क्षेत्रका मा.वि | | | ५०००/- | २५००/- | |
| ५.४ | भाषा प्रशिक्षण केन्द्र | | | १०००/- | ५००/- | |
| ५.५ | ट्युशन तथा कोचिङ सेन्टर | | | १०००/- | ५००/- | |
| ५.६ | कम्प्युटर प्रशिक्षण केन्द्र | | | १०००/- | ५००/- | |
| ६.वित्तिय सेवा | | | | | | |
| ६.१ | बैंक (क) वर्ग | | | ६०००/- | ३०००/- | |
| ६.२ | बैंक (ख) वर्ग | | | ५०००/- | २५००/- | |
| ६.३ | बैंक (ग) वर्ग | | | ३०००/- | १५००/- | |
| ६.४ | बैंक (घ) वर्ग | | | ३०००/- | १५०००/- | |
| ६.५ | विमा कम्पनी | | | ३०००/- | १५००/- | |
| ६.६ | मनी ट्रान्सफर | | | १०००/- | ५००/- | |
| ६.७ | सहकारी बैंक | | | ३०००/- | १५००/- | |
| ६.८ | सहकारी संस्था | | | १५००/- | १०००/- | |
| ६.९ | लघुवित्त कम्पनी | | | १५००/- | १०००/- | |
| ७.निर्माण उद्योग | | | | | | |
| ७.१ | कुटानी पिसानी मिल | | | १०००/- | ५००/- | |
| ७.२ | ग्रिल उद्योग | | | ५००/- | २५०/- | |
| ७.३ | ब्लक उद्योग (ढुङ्गा,बालुवा,सिमेन्ट,गिट्टी,मिक्स) | | | १०००/- | ५००/- | |

| क्र.स | शिर्षक | करको दररेट | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ५ लाख भन्दा कम पुँजी | | १० लाख सम्म पुँजी | | |
| | | दर्ता | नविकरण | दर्ता | नविकरण | |
| ७.४ | ढुङ्गा उद्योग | | | १०००/- | ५००/- | |
| ७.५ | खोटो संकलन दर्ता | | | १०००/- | ५००/- | |
| ७.६ | वनजन्य उद्योग (फर्निचर रबदी) | | | ५००/- | २५०/- | |
| ७.७ | निर्माण उद्योग,ग्यारेज (बाईक,साइकल ) | | | ५००/- | २५०/- | |
| ७.८ | जिप,ट्रक,बस,ट्र्याकटर मर्मत | | | १०००/- | ५००/- | |
| ७.९ | क्रसर उद्योग | | | १००,०००/- | ५०,०००/- | |
| ८.सञ्चार सेवा | | | | | | |
| ८.१ | कुरियर सेवा | | | ५००/- | २५०/- | |
| ८.२ | एफ.एम | | | २०००/- | १०००/- | |
| ९.कृषि तथा पशु पंक्षी तर्फ | | | | | | |
| ९.१ | बंगुर पालन फर्म | ५००/- | २५०/- | १०००/- | ५००/- | |
| ९.२ | कुखुरा पालन फर्म दर्ता | ५००/- | २५०/- | १००० | ५००/- | |
| ९.३ | दाना उद्योग पसल-पशु | ५००/- | २५०/- | १०००/- | ५००/- | |
| ९.४ | पोल्टी फर्म | ५००/- | २५०/- | १०००/- | ५००/- | |
| ९.५ | भैसिपालन | ५००/- | २५०/- | १०००/- | ५००/- | |
| ९.६ | बाख्रापालन | ५००/- | २५०/- | १०००/- | ५००/- | |
| ९.७ | मौरी पालन | ५००/- | २५०/- | १०००/- | ५००/- | |
| ९.८ | च्याउ खेती | ५००/- | २५०/- | १०००/- | ५००/- | |
| ९.९ | नर्सरी उत्पादन | ५००/- | २५०/- | १०००/- | ५००/- | |
| ९.१० | कृषि फर्म | ५००/- | २५०/- | १०००/- | ५००/- | |
| ९.११. | कृषि समुह | | | ५००/- | २५०/- | |
| ९.१२ | उपभोक्ता समिति | | | १०००/- | ५००/- | |
| ९.१३ | कृषि अनुदान निवेदन दस्तुर | | | ५००/- | | |

१०.हाइड्रो कम्पनीहरु

| क्र.स | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १.१ | प्रति मेघावाट | १०,०००/- | ५,०००/- | |

११.घुमन्ते/घुमायर बेच्ने व्यापार

| क्र.स | विवरण (प्रतिदिन) | शुल्क रु. | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ११.१ | कुम्लो व्यापारी | १००/- | |
| ११.२ | कपाल खरिद | ५०/- | |
| ११.३ | ठेकी/भाडाँ | १००/- | |
| ११.४ | फलफूल पसल | ५०/- | |
| ११.५ | ठेलामा बेच्ने सामान | ५०/- | |
| ११.६ | मुर्ति बनाउने | २००/- | |
| ११.७ | जीप (पटके) | ३००/- | |
| ११.८ | ट्रक (पटके) | ५००/- | |
| माथि उल्लेख हुन छुट भएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उक्त प्रकृतिसँग मेल खाने व्यवसायहो लागी उल्लेख गरिएको दरमा कर संकलन गरिनेछ । | | | |

नोटः
**कुनै सेवा,उद्योग तथा व्यवसायमा माथि उल्लेखित वर्गिकरण अनुसार एक भन्दा बढी किसिमको कारोवार भएमा जुन वर्गको व्यवसाय करको दर धेरै हुन्छ सोही अनुसार कर संकलन गरिनेछ ।**

## अनुसूची-५
### (दफा ६ सँग सम्बन्धित)
### जडिबुटी र कवाडी करको दर

| क्र.सं. | विवरण | कर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | खोटो प्रति के.जी. | १.५०/- | |
| २. | धुपी जडीबुटी प्रति के.जी. | १/- | |
| ३. | टिमुर प्रति के.जी. | १/- | |
| ४. | पखानवेद जडीबुटी प्रति के.जी. | १/- | |
| ५. | चुके जडीबुटी प्रति के.जी. | १/- | |
| ६. | वन लसुन जडीबुटी प्रति के.जी. | २००/- | |
| ७. | खिरौलो जडीबुटी प्रति के.जी. | २/- | |
| ८. | अलैंची प्रति के.जी. | ४/- | |
| ९. | पन्यु च्याउ प्रति के.जी. | ३/- | |
| १०. | गुच्ची च्याउँ प्रति के.जी. | ३/- | |
| ११. | अल्लो धागो प्रति के.जी. | २/- | |
| १२. | बरुवा प्रति के.जी. | १/- | |
| १३. | वन प्याज प्रति के.जी. | २/- | |
| १४. | सतुवा ठुलो प्रति के.जी. | १००/- | |
| १५. | सतुवा सानो प्रति के.जी. | १००/- | |

| क्र.सं. | विवरण | कर (रु.) | कैफियत |
|---|---|---|---|
| १६. | पोकचाल्नु प्रति के.जी. | १/- | |
| १७. | दालचिनी (सुनकाउली) प्रति के.जी. | १/- | |
| १८. | काउलो प्रति के.जी. | १/- | |
| १९. | चुत्रो प्रति के.जी. | १/- | |
| २०. | कबाडी माल प्रति के.जी. | ०.५०/- | |
| २१. | गुजरगानो | ०.५०/- | |
| २२. | कचुर | १/- | |
| २३. | सोमै | १/- | |
| २४. | झ्याउ | १/- | |
| २५. | हाडपसारे | १/- | |
| २६. | भुल्ते | १.५०/- | |

## अनुसूची-६
**(दफा ७ सँग सम्बन्धित)**
**सवारी साधन करको दर**

| क्र.सं. | सवारी साधन | दर्ता | नविकरण (वार्षिक कर) |
|---|---|---|---|
| १. | अटो रिक्सा, इ रिक्सा | १०००/- | ५००/- |

## अनुसूची-७
**(दफा ८ सँग सम्बन्धित)**
**विज्ञापन करको दर**

होडिङ बोर्ड राख्नेसँधग नियमित रु. २००/- का दरले व्यवसाय प्रचार र सेवा होडिङ बोर्ड प्रति स्क्वाएर फिटका रु. २००/- का दरले लाग्नेछ ।

| क्र.सं. | विवरण | वार्षिक कर (रु) प्रति गोटा |
|---|---|---|
| १. | ठुलो साइनबोर्ड | ४००/- |
| २. | ठुलो साइन बोर्ड मध्ययम | ३००/- |
| ३. | ठुलो साइन बोर्ड साधारण | २५०/- |
| ४. | अन्यको ६ स्क्वायर फिट भन्दा तलको लागि प्रति ब्यानर | १५०/- |
| ५. | साइन बोर्ड ब्यानर लेख्ने | २५०/- |
| ६. | फ्लेक्स बोर्ड प्रिन्ट | २५०/- |

अनुसूची-८
(दफा ९ सँग सम्बन्धित)
बहाल बिटौरी शुल्कको दर

गाउँपालिका क्षेत्रमा व्यवसायिक प्रयोजनले पशु चौपाया संकलन तथा खरिद विक्री गरेमा प्रति चौपाया देहायका दरले बहाल विटौरी लिइनेछ।

| क्र.सं. | चौपायाको विवरण | दस्तुर (रु.) |
|---|---|---|
| १. | राँगो/भैसी | ३००/- |
| २. | खासी/बाख्रा/भेडा | ५०/- |
| ३. | सुङ्गुर/बुङ्गुर | १००/- |

| पशुपंक्षी स्वास्थ्य परिक्षण दर्ता शुल्क | | | | |
|---|---|---|---|---|
| क्र.स. | विवरण | एकाई | दर प्रति एकाई(रु) | कैफियत |
| १. | भेडा/बाख्रा | गोटा | ५।- | |
| २. | सुँगुर/बंगर | गोटा | १०।- | |
| ३. | गाई/भैसी | गोटा | २०।- | |
| ४. | कुकुर/बिरालो | गोटा | ५।- | |
| ५. | कुखुरा/हाँस/अन्य पंन्छी | १-५गोटा | ५।- | |
| ६. | घोडा/गधा/खच्चड/जंगली जनावर | गोटा | ५०।- | |
| प्रयोगशाला नमुना परिक्षण शुल्क | | | | |
| ७ | सबै खाले परिक्षण | गोटा | २०। | |
| बन्ध्याकरण सेवा शुल्क | | | | |
| ८ | बोका/थुमा | गोटा | २०।- | Burdizzo castrator |
| ९ | बहर/राँगो | गोटा | ५०।- | Burdizzo castrator |
| १० | सुँगुर/बंगुर | गोटा | ५०।- | Surgical method |
| ११ | कुकुर/बिरालो(भाले) | गोटा | १००।- | Surgical method |
| १२ | कुकुर/बिरालो(पोथी) | गोटा | १००।- | Surgical method |
| १३ | घोडा/गधा/भाले | गोटा | २००।- | Surgical method |
| कृत्रिम गर्भधारण सेवा शुल्क | | | | |
| १४ | गाई/भैसी | गोटा | २५०।- | |
| १५ | बाख्रा | गोटा | १००।- | |
| शव परिक्षण सेवा शुल्क | | | | |

| | | | | |
|---|---|---|---|---|
| १६ | कुखुरा/हाँस/अन्य पन्छी | गोटा | ५०।- | |
| १७ | साना चौपाया | गोटा | २००।- | |
| १८ | ठुला चौपाया | गोटा | ५००।- | |
| | | शल्यक्रिया सेवा शुल्क | | |
| १९ | ठुला चौपाया मेजर अपरेशन | गोटा | ५००।- | |
| २० | साना चौपाया(कुकुर बिरानो बाहेक) मेजर अपरेशन | गोटा | ३००।- | |
| २१ | कुकुर/बिरानो/कम्प्यानियन जनावर मेजर अपरेशन | गोटा | १०००।- | |
| २२ | माइनर अपरेशन | गोटा | १००।- | |

त्यसैगरी दैनिक रुपमा विभिन्न सवारीमा घुम्ती पसल संचालन गर्नेहरुसँग देहाय अनुसारको बहाल बिटौरी कर लिइनेछः

| क्र.सं. | सवारीको विवरण | दर (दैनिक) | कै. |
|---|---|---|---|
| १. | चार पाङ्ग्रे सवारी साधन | १००/- | |
| २. | ठेला/मोटरसाइकल | १००/- | |
| ३. | साइकल | २५/- | |

## अनुसूची-९
### (दफा १० सँग सम्बन्धित)
### पाङ्किङ्ग शुल्कको दर

नौमूले गाउँपालिकाको बजार क्षेत्रमा सवारी पार्किङ्ग शुल्क निम्नानुसार रहेको छः

| क्र.सं. | सवारी साधन | प्रतिदिन दर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | बस/ट्रक | १००/- | |
| २. | ट्याक्टर/जीप | ५०/- | |
| ३. | मोटरसाइकल | २०/- | |

## अनुसूची-१०
### (दफा ११ सँग सम्बन्धित)
### विक्रि दर (ढुंगा, गिट्टी, बालुवा, माटो)

| क्र.सं. | विवरण | प्रति पटक (रु.)_ | | | | |
|---|---|---|---|---|---|---|
| | | ढुंगा | बालुवा | गिट्टी | माटो | सेलेट |
| १. | प्रति ट्रिप ट्रकबाट | ६००/- | ६००/- | ६००/- | ३००/- | प्रति स्क्वायर फिट रु. ०.०२/- |
| २. | प्रति ट्रिप सानो ट्रकबाट | ३००/- | ३००/- | ३००/- | १५०/- | |
| ३. | प्रति ट्रिप ट्याक्टरबाट | १५०/- | १५०/- | १५००/- | १००/- | |
| ४. | प्रति ट्रिप ट्याक्टर म्यान | २०/- | २०/- | २०/- | २०/- | |

## अनुसूची-११
### (दफा १२ सँग सम्बन्धित)
### सेवाका प्रकार, सेवा शुल्क तथा दस्तुरको दर

१) अचल सम्पत्ती मूल्यांकन सेवा शुल्कः

| क्र.सं. | विवरण | | दस्तुर (रु.) |
|---|---|---|---|
| | देखि | सम्म | |
| १. | रु. १ देखि | ५लाखसम्म | ५००/- |
| २. | रु. १ देखि | १०लाखसम्म | १०००/- |
| ३. | रु. १ देखि | १५ लाखसम्म | १५००/- |
| ४. | रु. १ देखि | २० लाखसम्म | २०००/- |
| ५. | रु. १ देखि | ३० लाखसम्म | २५००/- |
| ६. | रु. १ देखि | ४० लाखसम्म | ३०००/- |
| ७. | रु. १ देखि | ५० लाखसम्म | ३५००/- |
| ८. | रु. १ देखि | ६० लाखसम्म | ४०००/- |
| ९. | रु. १ देखि | ७० लाखसम्म | ४५००/- |
| १०. | रु. १ देखि | ८० लाखसम्म | ५०००/- |
| ११. | रु. १ देखि | ९० लाखसम्म | ५५००/- |
| १२. | रु. १ देखि | १ करोडसम्म | ६०००/- |

| क्र.सं. | विवरण | | दस्तुर (रु.) |
|---|---|---|---|
| | देखि | सम्म | |
| १३. | रु. १ देखि | १ करोड ५० लाखसम्म | ६५००/- |
| १४. | रु. १ देखि | २ करोडसम्म | ७०००/- |
| १५. | रु. १ देखि | २ करोड ५० लाखसम्म | ७५००/- |
| १६. | रु. १ देखि | ३ करोडसम्म | ८०००/- |
| १७. | रु. १ देखि | ३ करोड ५० लाखसम्म | ८५००/- |
| १८. | रु. १ देखि | ४ करोडसम्म | ९०००/- |
| १९. | रु. १ देखि | ४ करोड ५० लाखसम्म | १००००/- |
| २०. | रु. १ देखि | ५ करोडसम्म | १२०००/- |
| २१. | रु. १ देखि | ५ करोड ५० लाखसम्म | १३०००/- |
| २२. | रु. १ देखि | ६ करोडसम्म | १५०००/- |
| २३. | रु. १ देखि | ६ करोड ५० लाखसम्म | १६०००/- |
| २४. | रु. १ देखि | ७ करोडसम्म | १७०००/- |
| २५. | रु. १ देखि | ८ करोडसम्म | १८०००/- |
| २६. | रु. १ देखि | ९ करोडसम्म | १९०००/- |
| २७. | रु. १ देखि | १० करोड सम्म | २००००/- |
| २८. | रु. १ देखि १० करोड भन्दा माथि | | २१००००/- |

२) रकम कलम उठाइदिएमा प्रति हजार रु. १/- का दरले सेवा शुल्क लाग्नेछ।

**३) गाउँपालिकाको क्षेत्र भित्र घर नक्सा पास गरे वापत निम्नानुसारको घर नक्सा पास दस्तुर शुल्क लाग्नेछ:**

क) नक्सा पास निवेदन किताब दस्तुर ................................... रु. ५००/-

**४) नक्सा पास लेआउट दस्तुर:**

क) बजार क्षेत्रमा १०० व.फि.सम्मको ..............................रु.५००।–

ख) बजार क्षेत्रमा १०० व.फि. माथि सम्मको .........................रु.१०००।–

ग) ग्रामिण क्षेत्रमा ..................................................रु.३००।–

घ) अमिन दस्तुर......................................................रु.५००।–

ङ) घर नक्सा पास निर्माण सम्पन्न इजाजत पत्र सिफारिस दस्तुर......रु.२००।–

**५) निर्माण सम्पन्न भए पश्चात नक्सा पास हुन आएमा तपसिल बमोजिमको जरीवाना दस्तुर लाग्नेछ।**

क) मूल बजार क्षेत्र ..................................................रु.५०००।–

ख) बजार क्षेत्र दायाँ बायाँ साइड.........................................रु.३०००।–

ग) ग्रामिण क्षेत्र........................................................रु.२०००।–

६) नक्सापास दस्तुर (प्रति वर्ग फिट)

| क्र.सं. | बनोट | साइडको बजार क्षेत्र | मूल सडक | ग्रामिण क्षेत्र |
|---|---|---|---|---|
| १. | ढुंगा माटोको गाह्रो फुसको छाना भएको घरको | रु.१/- | ५०पैसा | २० पैसा |
| २. | ढुंगा माटोको गाह्रो पत्थरको छाना भएको घरको | रु.१.५०/- | रु.१/- | रु.१/- |
| ३. | सिमेन्टको गाह्रो ढुंगाको चिनाई टिनको छाना भएको | रु. २/- | रु. २.५०/- | रु. १/- |
| ४. | सिमेन्टको गाह्रो ढुंगाको इट्टा चिनाई आर.सी.सी. भएको | रु. २.५०/- | भुईतला रु. ४ र सो भन्दा माथि रु. ३.५०/- | रु. १.५०/- |
| ५. | सिमेन्टको गाह्रो ढुंगाको इट्टा चिनाई आर.सी.सी. भएको सरकारी भवन | रु. ४/- | रु. ४.५०/- | रु. २/- |
| ६. | बजार क्षेत्रमा ग्रिल काठको पाटेसन तथा पाताको छाना भएको | रु. २/- | रु. २/- | रु.१/- |

यस गाउँपालिका क्षेत्र भित्र निर्माण हुने घर पर्खाल आदि घर नक्सा पासवापत घरको प्रकार छनौट पुरातात्विक एवम् धार्मिक महत्वलाई हृदयगत गरी घरको क्षेत्रफलको आधारमा प्रति वर्गफिट घर नक्सा पास सेवा सुविधा लिइनेछ।

७) गाउँपालिका क्षेत्र भित्र निर्माण भई सकेका भवनहरुको नक्सापास नामसारी दस्तुर तपसिल बमोजिम रहेको छ।

| क्र.सं. | विवरण | दररेट | कै. |
|---|---|---|---|
| १. | १ तला भएको आर.सी.सी. ढलान घरको | रु. ३००/- | |
| २. | २ तला भएको आर.सी.सी. ढलान घरको | रु. ५००/- | |
| ३. | ३ तला भएको आर.सी.सी. ढलान घरको | रु. ५००/- | |
| ४. | सो भन्दा माथिको आर.सी.सी. ढलान घरको | रु. १०००/- | |

८) गाउँपालिका क्षेत्रभित्रका जग्गा किनबेच गर्दा गाउँपलिकाले उपलब्ध गराउने घरबाटो सिफारिस दस्तुर निम्नानुसार लाग्नेछ:

**अ. ग्रामिण क्षेत्र (वडा नं. १देखि वडा नं. ८ सम्म)**

क) ग्रामिण क्षेत्रका जग्गा.................................................रु. २५०/-

ख) ग्रामिण क्षेत्रका जग्गा मोटरबाटोसँग सटिएका जग्गाको ............... रु. ३५०/-

ग) ग्रामिण क्षेत्रका जग्गामा बनेका घर टिन र पत्थरका छाना भएको घर सहितको सिफारिस दस्तुर........................................................................................... रु. ५००/-

घ) ग्रामिण क्षेत्रमा आर.सी.सी. ढलान घर सहितको घरबाटो सिफारिस दस्तुर ................ रु. ५००/-

आ) मूल बजार क्षेत्र:

क) बजार क्षेत्रमा आर.सी.सी. पक्की ढलान १ तले घरको घरबाटो सिफारिस दस्तुर ............रु. ५००/-

ख) बजार क्षेत्रमा आर.सी.सी. ढलान भएको २ तले घरको घरबाटो सिफारिस दस्तुर ........ रु. १०००/-

ग) बजार क्षेत्रमा आर.सी.सी. ढलान भउको ३ तले घरको घरबाटो सिफारिस दस्तुर .........रु. १५००/-

घ) सो भन्दा माथि आर.सी.सी. ढलान भएको घरको घरबाटो सिफारिस दस्तुर ................रु. २५००/-

ङ) खाली जग्गा घडेरी मात्र ............................................................................रु.५००/-

च) टिन र पत्थरको छाना ................................................................................रु. ७५०/-

इ) मुल बजारको A/B साइड

क) आर.सी.सी. ढलान भएको पक्की ढलान १ तले घरको घरबाटो सिफारिस दस्तुर ..........रु. ६००/-

ख) आर.सी.सी. ढलान भएको २ तले घरको घरबाटो सिफारिस दस्तुर ...........................रु. १०००/-

ग) आर.सी.सी. ढलान भएको ३ तले घरको घरबाटो सिफारिस दस्तुर ...........................रु. १५००/-

घ) सो भन्दा माथी आर.सी.सी. ढलान भएको घरको घरबाटो सिफारिस दस्तुर ..............रु. २०००/-

ङ) बजार क्षेत्रमा टिन र पत्थर भएको घरबाटो सिफारिस दस्तुर .................................रु. १०००/-

च) बजार क्षेत्रका घडेरीको मात्र सिफारिस दस्तुर ...................................................रु. ६००/-

छ) जग्गा नक्सांकन गरे वापत अमिन दस्तुर ..........................................................रु. १५००/-

ज) बजार क्षेत्र साइड लाइन मोटर बाटोले नछुने खाली जग्गाको घरबाटो सिफारिस दस्तुर ....रु. ७००/-

९) यस गाउँपालिकाको बजार क्षेत्रमा यातायात आवागमन बाधा पुग्ने गरी राखिएका निर्माण तथा व्यापारिक प्रयोजनका सामानहरुको सन्दर्भमा पहिले ३ दिनका लागि रु. १००/-र त्यस पछि प्रत्येक दिनको प्रति दिन रु. ५०/-का दरले सडक अवरोध शुल्क लाग्नेछ ।

१०.कार्यालयबाट गरिने सिफारिस दस्तुरहरु

| क्र.स | शिर्षकहरु | राजश्व रकम | कैफियत |
|---|---|---|---|
| १. | नयाँ नागरिकता सिफारिस | २००/- | |
| २. | प्रतिलिपि नागरिकता सिफारिस | २५०/- | |
| ३. | मुचुल्का सहितको नागरिकता सिफारिस | ३००/- | |
| ४. | जातिय पहिचान सिफारिस | २००/- | |
| ५. | नामथर तथा जन्म मिति एउटै सिफारिस | २००/- | |
| ६. | अन्य साधारण सिफारिस | २००/- | |

ख.मालपोत तथा नापि कार्यालय जाने सिफारिसहरु

| क्र.स | शिर्षहरु | ग्रामिण क्षेत्र शुल्क | सहरी क्षेत्र शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | जग्गा नाम सारी सिफारिस (मुचुल्का सहित) | २००/- | २५०/- | |
| २. | अंश वण्डा सिफारिस | २००/- | २५०/- | |
| ३. | घर प्रमाणित सिफारिस | २००/- | २५०/- | |
| ४. | बाटो प्रमाणित सिफारिस | २००/- | २५०/- | |
| ५. | घर बाटो प्रमाणित सिफारिस | २५०/- | ३००/- | |
| ६. | फोटा टासँ सिफारिस | २००/- | २००/- | |
| ७. | अन्य साधारण सिफारिस | २००/- | २००/- | |
| ८. | चार किल्ला प्रमाणित | ३००/- | ५००/- | |
| ९. | छुट जग्गा दर्ता सिफारिस (मुचुल्का सहित) | २००/- | ३००/- | |
| १०. | फिल्ड बुक तथा ट्रेस नक्सा सिफारिस | २००/- | २५०/- | |

ग.गाउँपालिका तथा अन्य कार्यालय जाने सिफारिस

| क्र.स | शिर्षक | राजश्व रकम | कैफियत |
|---|---|---|---|
| १. | योजना सम्झौता,भुक्तानी र खाता संचालन सिफारिस (५ लाख सम्मको) | ५००/- | |
| २. | योजना सम्झौता,भुक्तानी र खाता संचालन सिफारिस (१० लाख सम्मको ) | १०००/- | |
| ३. | व्यवसाय दर्ता सिफारिस | १५०/- | |
| ४. | व्यवसाय खारेजि तथा बन्द सिफारिस दस्तुर | २५०/- | |
| ५. | योजनाको प्रस्तावित लागत अनुमान (५ लाख सम्मको) | २५०/- | |
| ६. | योजनाको प्रस्तावित लागत अनुमान (१० लाख सम्मको) | ५००/- | |
| ७. | योजनाको प्रस्तावित लागत अनुमान (१० लाख भन्दा माथिको) | १०००/- | |

घ.प्रमाणित सम्बन्धी

| क्र.स | शिर्षक | स्वदेशी प्रयोजन राजश्व | विदेशि प्रयोजना राजश्व | कैफियत |
|---|---|---|---|---|
| १. | नाता प्रमाणित जिवत सँग | २००/- | ५००/- | |
| २. | नाता प्रमाणित मृतक सँग | २५०/- | ५००/- | |
| ३. | जन्म प्रमाणित | २००/- | ५००/- | |
| ४. | थर प्रमाणित | २००/- | ५००/- | |
| ५. | मृत्यु प्रमाणित | २००/- | ५००/- | |
| ६. | विवहा प्रमाणित | २००/- | ५००/- | |

| | | | | |
|---|---|---|---|---|
| ७. | बसाईसराइ प्रमाणित | २००/- | ५००/- | |
| ८ | अविवाहित प्रमाणित | २००/- | ५००/- | |
| ९. | आय प्रमाणित(५ लाख सम्म) | २५०/- | ५००/- | |
| १०. | आय प्रमाणित (५ लाख देखि १० लाख सम्म) | ३००/- | ५००/- | |
| ११. | आय प्रमाणित (१० लाख सम्म) | ५००/- | १०००/- | |
| १२. | सगोल पारिवारीक विवरण प्रमाणित | २००/- | ३००/- | |
| १३. | स्थायी बसोबासी सिफारिस | २००/- | २५०/- | |

ङ.विद्युत जडान सिफारिस

| क्र.स. | शिर्षक | ग्रामिण क्षेत्र | सहरी क्षेत्र | |
|---|---|---|---|---|
| १. | घरायसी प्रयोजन | २००/- | ५००/- | |
| २. | कार्यालय तथा उद्योग | ५००/- | ७००/- | |
| ३. | विद्युत जडान ठाउँसारी (घरायसी) | २००/- | २५०/- | |
| ४. | विद्युत जडान ठाउँसारी (व्यवसाय) | २५०/- | ३००/- | |
| ५. | विद्युत जडान ठाउँसारी (उद्योग) | ३००/- | ३५०/- | |

**११. नक्कल दस्तुरः** नौमूले गाउँपालिकामा भएका कागज पत्रहरुको सम्बन्धित व्यक्तिले नक्कल सार्नका लागि निवेदन दिएमा देहाय बमिजम दस्तुर लाग्नेछ।

क) आफ्नै तर्फबाट सारेमा प्रत्येक पानाको प्रतिलिपि प्रमाणित दस्तुर ........................ रु. २०/-

ख) कार्यालयबाट सारेमा प्रत्येक पानाको प्रतिलिपि प्रमाणित दस्तुर ........................ रु. ५०/-

ग) एकिकृत सम्पत्ति कर रसिदको प्रतिलिपि दस्तुर ........................................ रु. २००/-

घ) घर बनाउने नक्साको नक्कल माग्न आएको अवस्थामा घर हेरी कागजको मूल्य बाहेक देहाय बमोजिमको नक्कल दस्तुर लाग्नेछ।

| क्र.सं. | कार्यालयबाट सारी लिंदा | आफै सारी लिंदा |
|---|---|---|
| १. | १ तले घरको रु. २५०/- | रु. ३००/- |
| २. | २ तले घरको रु. ३००/- | रु. ४००/- |
| ३. | ३ तले घरको रु. ३५०/- | रु ५००/- |
| ४. | ४ तले घरको रु. ४००/- | रु ६००/- |
| ५. | ५ तले घरको रु. ४५०/- | रु. ७००/- |

| क्र.सं. | कार्यालयबाट सारी लिंदा | आफै सारी लिंदा |
|---|---|---|
| ६. | ६ तले तथा सो भन्दा माथिको घरको रु. ५००/- | रु. ८००/- |

१२. वैदेशिक प्रयोजनको लागि मूल्यांकन रकमको रु. ०.१ प्रतिशतका दरले अचल सम्पत्ति मूल्यांकन दस्तुर लाग्नेछ।

१३. गाउँपालिका क्षेत्र भित्र घर जग्गा किनबेच प्रयोजनका लागि घर कायम सिफारिस गर्दा तपसिल अनुसार दररेट लाग्नेछ।

| क्र.सं. | विवरण | | दस्तुर |
|---|---|---|---|
| | देखि (रुपैयाँ) | सम्म (रुपैयाँ) | |
| १. | रु. १ देखि ५० हजारसम्म | | ३००/- |
| २. | रु. १ देखि | १ लाखसम्म | ३५०/- |
| ३. | रु.१ देखि | २ लाखसम्म | ४००/- |
| ४. | रु १ देखि | ३ लाखसम्म | ४५०/- |
| ५. | रु.१ देखि | ४ लाखसम्म | ५००/- |
| ६. | रु १ देखि | ५ लाखसम्म | ५५०/- |
| ७. | रु.१ देखि | १० लाखसम्म | ६००/- |
| ८. | रु १ देखि | २० लाखसम्म | ८००/- |
| ९. | रु.१ देखि | ३० लाखसम्म | १०००/- |
| १०. | रु १ देखि | ४० लाखसम्म | १२००/- |
| ११. | रु.१ देखि | ५० लाखसम्म | १४००/- |
| १२. | रु १ देखि | ६० लाखसम्म | १६००/- |
| १३. | रु.१ देखि | ७० लाखसम्म | १८००/- |
| १४. | रु १ देखि | ९० लाखसम्म | २२००/- |
| १५. | रु.१ देखि | १ लाखसम्म | २४००/- |
| १६ | रु १ देखि | १ करोड ५० लाखसम्म | २६००/- |
| १७. | रु.१ देखि | २ करोडसम्म | २८००/- |
| १८. | रु १ देखि | ३ करोडसम्म | ३०००/- |
| १९. | रु.१ देखि | ४ करोडसम्म | ३२००/- |
| २०. | रु १ देखि | ५ करोडसम्म | ३३००/- |
| २१. | रु. १ देखि ५ करोड भन्दा माथि | | ५०००/- |

१४. गाउँपालिका क्षेत्र भित्र मूल्यांकन रकमको ०.०५/- प्रतिशतका दर वार्षिक आय मूल्यांकन दस्तुर लाग्नेछ।

१५. नौमूले गाउँपालिका भित्र क्षेत्रमा राखिएका सडक बत्ती महशुलबापत रु. १०/- सवारी साधन विक्रेताबाट वार्षिक रुपमा दर्ता शुल्क रु. १०००/- र वार्षिक नविकरण दस्तुर रु ५००/- कायम गरिनेछ।

## १६. पंजिकरण सम्बन्धी शुल्क तथा दस्तुर

| क्र.सं. | विवरण | दस्तुर |
|---|---|---|
| १. | व्यक्तिगत घटना दर्ता ३५ (पैतिस) दिन भित्र गराएमा | निशुल्क |
| २. | व्यक्तिगत घटना दर्ताको विलम्व शुल्क | रु. २००/- |
| ३. | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल शुल्क | रु. ५००/- |
| ४. | व्यक्तिगत घटना तथा नगरिक अभिलेख दर्ता किताबव हेरेको शुल्क | रु. २००/- |

## १७. गाउँपालिकाबाट विज्ञापन भएका परीक्षामा दरखास्त सम्बन्धी शुल्क दस्तुर

| क्र.सं. | परीक्षाको किसिम | दस्तुर |
|---|---|---|
| १. | अधिकृतस्तर आठौं/सातौ वा सो सरह | रु. १५००/- |
| २. | अधिकृतस्तर छैठौ वा सो सरह | रु. १२००/- |
| ३. | सहायकस्तर पाँचौ वा सो सरह | रु ७००/- |
| ४. | सहायकस्तर चौथो वा सो सरह | रु. ५००/- |
| ५. | श्रेणी विहिन वा सो सरह | रु. ३००/- |
| ६. | विद्यालयबाट गरिने प्रत्येक विज्ञापनलाई समेत सोहि दस्तुर लाग्नेछ। | |

## १८. गाउँपालिकाबाट नियूक्ति भएका शिक्षकको नियूक्ति समर्थन सम्बन्धी शुल्क तथा दस्तुर

| क्र.सं. | विद्यालयको तह | दस्तुर |
|---|---|---|
| १. | मा.वि तह | रु २०००/- |
| २. | नि.मा.वि. तह | रु १५००/- |
| ३. | प्रा.वि. तह | रु १०००/- |
| ४. | बाल शिक्षा तह | रु. ५००/- |

ध्रुविराम सुवेदी
गाउँपालिका अध्यक्ष

## अनुसूची १२

### (दफा १३ सँग सम्बन्धित)

### सरकारि सम्पत्ति बहाल कर

क).एम्बुलेन्स भाडाँ दर )(निर्देशिकाको दफा (५)) सँग सम्बन्धित सेवा शुल्क सम्बन्धि दररेट

| क्र.स. | विवरण | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १. | नौमूले पालिका देखि वडा नं.१ तोली सम्म | रु.५००/- | |
| २. | नौमूले पालिका देखि वडा नं.२ बालुवाटार सम्म | रु.८००/- | |
| ३. | नौमूले पालिका देखि वडा नं.३ द्वारी सम्म | रु.१५००/- | |
| ४. | नौमूले पालिका देखि वडा नं.४ कालिका सम्म | रु.१०००/- | |
| ५. | नौमूले पालिका देखि वडा नं.५ नौगाउँ सम्म | रु.८००/- | |
| ६. | नौमूले पालिका देखि वडा नं.६ सल्लेरी सम्म | रु.१०००/- | |
| ७. | नौमूले पालिका देखि वडा नं.७ पैती सम्म | रु.१५०००/- | |
| ८. | नौमूले पालिका देखि वडा नं.८ चौराठा सम्म | रु.२०००/- | |
| ९. | जिल्लाका अन्य स्थानीय तहमा | प्रति कि.मि.रु.३०/- | |
| १०. | नौमूले पालिका देखि जिल्ला सदरमुकाम दैलेख सम्म | ३०००/- | |
| ११. | नौमूले पालिका देखि सुर्खेत सम्म | ७०००/- | |
| १२. | नौमूले पालिका देखि कोहलपुर/नेपालगञ्ज सम्म | १०,०००/- | |
| १३. | नौमूले पालिका देखि पाल्पा सम्म | १६,०००/- | |
| १४. | नौमूले पालिका देखि बुटवल/भैरहवा सम्म | १५,०००/- | |
| १५. | नौमूले पालिका देखि चितवन सम्म | १६,०००/- | |
| १६. | नौमूले पालिका देखि काठमाडौं सम्म | १९,०००/- | |
| १७. | नौमूले पालिका देखि लखनाउ सम्म | २०,०००/- | |
| १८. | नौमूले पालिका देखि दिल्ली सम्म | २५,०००/- | |

ख). ट्याक्टर भाडाँ दर

| क्र.सं. | विवरण | इन्धन |
|---|---|---|
| १. | ट्याक्टर इन्धन सहित दैनिक | रु.६०००/- |
| २. | ट्याक्टर इन्धन रहित दैनिक | रु.४०००/- |
| ३. | ट्याक्टर अन्य धुवानी सेवामा चलन चल्तिको २०० देखि ३०० रुपैया कममा उपलब्ध | |

ध्रुविराम सुवेदी
गाउँपालिका अध्यक्ष

छविराम सुवेदी
गाउँपालिका अध्यक्ष

ग) १. व्याक हो लोडर सञ्चालन शुल्क:(व्याक हो लोडर संचालन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम )

| क्र.स | कामको क्षेत्र | व्याक हो लोडर भाडाँ दर | कैफियत |
|---|---|---|---|
| १. | नौमूले गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाको आफ्नो लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालन योजनाहरु | प्रति घण्टा रु.१,५००(इन्धन र मू.अ.कर बाहेक) | |
| | | प्रति घण्टा रु.३,०००/- (इन्धन र मू.अ.कर सहित ) | |
| २. | नौमूले गाउँपालिका क्षेत्र भित्र अन्य व्यक्ति निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालन योजनाहरु | प्रति घण्टा रु १,५००/-(इन्धन र मू.अ.कर बाहेक ) | |
| | | प्रति घण्टा रु ३,०००/- (इन्धन र मू.अ.कर सहित) | |

ग) २.यान्त्रिक उपकरण भाडाँमा दिनु/लिनु परेको खण्डमा भाडाँदर तथा कर्मचारीको भत्ता

| सवारी साधनको नाम | भाडाँ दर | | | |
|---|---|---|---|---|
| | प्रति घण्टा | कामको क्षेत्र | विवरण | कैफियत |
| व्याक हो लोडर | १५००/- | उपभोक्ता समिति | इन्धन,अपरेटर र सहयोगी भत्ता बाहेक | |
| | ३०००/- | | इन्धन,अपरेटर र सहयोगी भत्ता सहित | |
| | १५००/- | गाउँपालिका क्षेत्र बाहिर/निजि क्षेत्र | इन्धन,अपरेटर र सहयोगी भत्ता बाहेक | |
| | ३०००/- | | इन्धन,अपरेटर र सहयोगी भत्ता सहित | |

छविराम सुवेदी
गाउँपालिका अध्यक्ष

नोट:-

१.अपरेटर भत्ता रु.१५० (अक्षरुपी एक सय पचास मात्र) प्रति घण्टा।

२.अपरेटर सहयोगी भत्ता रु ५०.(अक्षरुपी पचास मात्र) प्रति घण्टा।

१. हल भाडा प्रतिदिन ........................................................ रु. १५००/-

२. मल्तिमिडिया भाडा प्रतिदिन ................................................ रु. १०००/-

३. अन्य भाडा दस्तुरहरु मेशिनरी संचालनको कार्यविधि अनुसार हुनेछ।

## अनुसूची-१३

### (दफा १४ सँग सम्बन्धित)

### फोहोरमैला व्यवस्थापन शुल्क

| क्र.सं. | व्यवसायिक क्षेत्र | परिमार्जन गरिएका करका दर (रु.) | कैफियत |
|---|---|---|---|
| क) | सरसफाई शुल्क (प्रति महिना) | | |
| १. | आवासिय क्षेत्र | १००/ | गाउँपालिकाले तोकेको स्थान बाहेक अन्यत्र जथाभावी फोहोर फाल्ने व्यक्ति वा निकायलाई रु१००० देखि ५००० सम्म जरिवाना गरिनेछ। |
| २. | होटल व्यवसाय | १००/ | |
| ३. | मेडिकल | १००/ | |
| ४. | मदिराजन्य व्यवसाय | १००/ | |
| ५. | अन्य व्यवसाय | १००/ | |
| ६. | घर भित्रबाट निस्किने फोहोर | १००/- | |

## अनुसूची-१४

### (दफा १५ को उपदफा (२) सँग सम्बन्धित)

### दण्ड जरिवानाको दर

| क्र.सं. | कसुर | दण्ड जरिवाना |
|---|---|---|
| १. | चालु आ.व. भित्र गाउँपालिकालाई वार्षिक रुपमा बुझाउनुपर्ने सबै प्रकारका कर सोही आर्थिक वर्ष भित्र नबुझाएमा। | प्रतिवर्ष १० प्रतिशतका दरले। |

छविराम सुवेदी
गाउँपालिका अध्यक्ष

| क्र.सं. | कसुर | दण्ड जरिवाना |
|---|---|---|
| २. | कर सम्बन्धी झुठो विवरण पेश गरेमा। | कर रकमको शतप्रतिशत। |
| ३. | जथाभावी फोहोरमैला निष्काशन गरेमा | पहिलो पटक भए रु. १०००/- सम्म जरिवाना दोस्रो पटक सोही कसूर गरेमा रु. २०००/- ।- देखि रु. ३०००/- सम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि रु. ५०००/- का दरले जरिवाना गरी फोहरैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्ने। |
| ४. | गाउँपालिकामा दर्ता वा इजाजत लिई नयाँ व्यवसाय संचालन गरेमा। | नियमानुसार लाग्ने दर्ता रकमको शतप्रतिशत। |
| ५. | गाउँपालिकाकले निषेध गरेको क्रियाकलाप संचालन गरेमा। | कार्यपालिकाले निर्णय गरे बमिजम रु. ५००००/- सम्म। |
| ६. | अवैधरुपमा ढुगां गिट्टि बालुवा तथा माटो निकासी गरेमा। | सामाग्री जफत सहित प्रति ट्रिप रु. १५००/- |
| ७. | लोहोरे खोलाको आसपासमा कुनै किसिमको विद्युतिय शक्ति तरङ्ग वा धार (करेन्ट) विष्फोटक पदार्थ रासायनिक विषालु पदर्थ प्रयोग गरेमा | पहिलो पटक भए १०,०००/-रुपैया देखि २०,०००/- रुपैया सम्म जरिवाना,दोस्रो पटक सोहि कसुर गरेमा २५,०००/- रुपैया देखि ३५,०००/-रुपैया सम्म जरिवाना,तेस्रो पटक गरेमा ३५,०००/- रुपैया देखि ५०,०००/- रुपैया सम्म जरिवाना लाग्ने छ।<br><br>**(सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्नेलाई कसुरदारलाई हुने जरिवानाको पैतिस प्रतिशत पुरस्कार स्वरुप प्रदान गरिने छ। तथा सुराकीको नामथर गोप्य राखिने छ)** |

## अनुसूची-१५
### दफा १६ सँग सम्वन्धित
### कर तथा शुल्कको छुट तथा सहुलियत

| क्र.सं. | विवरण | छुट दिइने क्षेत्र | छुट वा छुटको प्रतिशत |
|---|---|---|---|
| १. | चालु आर्थिक वर्षको वार्षिक कर असोज मसान्त सम्ममा दाखिला गरेमा। | सबै प्रकारका वार्षिक कर | १० प्रतिशत |
| २. | महिलाको स्वामित्वमा व्यवसाय संचालन गरेमा। | व्यवसाय कर | १० प्रतिशत |
| ३. | फरक क्षमता भएका (अपाङ्गता) तथा दलित वर्गका व्यक्तिले व्यवसाय | व्यवसाय कर | २० प्रतिशत |

| क्र.सं. | विवरण | छुट दिइने क्षेत्र | छुट वा छुटको प्रतिशत |
|---|---|---|---|
| | संचालन गरेमा | | |
| ४. | प्राकृतिक प्रकोप तथा अनाथ अशक्त अपाङ्ग जेष्ठ नागरिक विधवा जस्ता व्यक्तिहरुले कार्यालयबाट सोही प्रयोजनमा सहुलियत पाउँनका लागि माग गरेका निवेदन। | सिफारिस शुल्क | निशुल्क |
| ५. | तल उल्लेखित निशुल्क हुने सिफारिस तथा सेवाहरु<br>१. घटना दर्ता ३५ दिन भित्र<br>२. अपाङ्गतको सिफारिस<br>३. जेष्ठ नागरिक परिचय पत्र र सो सम्बन्धीत सिफारिस<br>४. विपन्नलाई उपचार सहयोग सम्बन्धी सिफारिस<br>५. छात्रावृत्ति सम्बन्धी सिफारिस<br>६. सा.सु.बैंक खाता खोल्ने सिफारिस<br>७. आदिवासी सिमान्तकृत/पिछडा वर्ग/दलित/जनजाती सिफारिस तथा प्रमाणिकरण<br>८. सामाजिक सुरक्षा भत्ताको सिफारिस<br>९. पशु तथा कृषि विमाको लागि गरिने सिफारिस<br>१०. वैदेशिक रोजगारमा मृत्यु भएका व्यक्तिसँग सम्बन्धित सिफारिस<br>११. विपद तथा प्रकोपबाट क्षति भएको कागज सम्बन्धित सिफारिस (35 दिन भित्र)<br>१२. कडा रोग उपचारका लागि गरिने सिफारिस<br>१३. आर्थिक अवस्था कमजोर हुनेलाई कोर्ट फि नि:शुल्कको सिफारिस<br>१४. अशक्त, असहाय तथा अनाथ सिफारिस<br>१५. नि:शुल्क कानुनी सहायता सम्बन्धि सिफारिस<br>१६. बाटोमा परेका जग्गा लगतकट्टा सम्बन्धि सिफारिस(बाहेक प्लटिङ्ग)<br>१७. वडा बाट गाउँपालिकामा गरिने सिफारिस | | नि:शुल्क |

आज्ञाले,
भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत